# मनहरी गाउँपालिका गाउँ सभाको एघारौँ अधिवेशनमा अध्यक्ष श्री रञ्जन कालाखेती ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

**मनहरी गाउँपालिका**
**गाउँ सभा सचिवालय रजैया, मकवानपुर**
**वागमती प्रदेश नेपाल**
**मिति २०७९।०३।१०**

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार"

उपाध्यक्षज्यू,
कार्यपालिका सदस्यज्यूहरु,
सभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारीहरु,

१. नेपालको संविधान जारी भएपछी दोस्रो पटक स्थानीय तह निर्वाचन अन्तर्गत मनहरी गाउँपालिकाको निर्वाचन सम्पन्न भएको छ। निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न यस निर्वाचनले लोकतन्त्रलाई जगैदेखि बलियो बनाएको छ ।

२. आवधिक निर्वाचन लोकतन्त्रको गहना हो । यस निर्वाचनमा मनहरीका ७० प्रतिशत भन्दा बढी मतदाता सरिक हुनुभई निर्वाचन सफल बनाउन र हामीलाई अमूल्य मत प्रदान गरी मनहरी सरकारको नेतृत्व प्रदान गर्नु भएकोमा सम्पूर्ण मतदाता प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

३. समग्र मनहरी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सहिदहरु प्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यी सङ्घर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई सदा कर्तव्य पथमा डोहोऱ्याई रहनेछ ।

४. आवधिक रुपमा लोकतान्त्रिक संस्थाहरुको निर्वाचन सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण हुने गरेको छ। सबै राजनीतिक दल र नागरिकहरु हालसालै सम्पन्न स्थानीय तहको निर्वाचनको यस प्रक्रियामा उत्साहका साथ सहभागी हुनुबाट नेपालको संविधान, प्रचलित कानून र राजनीतिक प्रणालीमा हामी सबैको साझा स्वामित्व स्थापित भएको छ ।

५. स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग, सहयोग पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियामा संलग्न राजनीतिक दल, सङ्घसंस्था, सकारात्मक भूमिका खेल्ने सञ्चारकर्मी र आम नागरिक सबैप्रति मनहरी सरकार आभार व्यक्त गर्दछ ।

६. जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तभको रुपमा रहने स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । निर्धारित समयमा नै स्थानीय तहको निर्वाचन सम्पन्न भएसंगै मनहरीमा नयाँ स्थानीय सरकारको नेतृत्व स्थापित भएको र यस सरकारले लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ ।

७. हामीले उठाएका मुद्दालाई मनहरीबासीले जनमत मार्फत् अनुमोदन गरी हिजो भन्दा फरक राजनीतिक परिवेशका साथ हामीलाई सरकारको नेतृत्व प्रदान गर्दै नागरिकलाई सेवा गर्ने अवसर

प्राप्त भएको छ । तसर्थ हामीले उठाएका सवाललाई पूरा गर्नेमा हामी सबैको अठोट रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

८. कोभिड-१९ कारण संघीय तथा प्रदेश अनुदान प्रभावित हुन पुगेको छ । त्यसै गरी संघ र प्रदेश सरकारका सम्बद्ध निकायसंग उचित सहसम्बन्ध तथा सहकार्यको अभावमा ठेक्का लगाउन नसक्दा गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व विशेष गरी ढुङ्गा, गिटी, बालुवाको विक्री शुल्कबाट प्राप्त हुनुपर्ने लक्ष्य अनुसारको राजस्व रकम प्राप्त हुन नसक्दा समग्र गाउँपालिकाका विकास योजना र रोजगारीको क्षेत्र संकुचन हुन गएकोमा सम्बद्ध पक्षसंग सहकार्य गरी ठेक्का लगाउने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

९. विगत बर्षहरुमा गाउँपालिकाले आवश्यक सेवा प्रवाहको लागि संगठन संरचना तयार गरेको र जनशक्ति प्राप्त गरेको सेवा प्रवाहको लागि वडा लगायतका भवनहरुको निर्माण कार्य अगाडी बढाएको र कतिपय वडा कार्यालय निर्माण सम्पन्न भइ सञ्चालनमा आइसकेको छ । संगठन संरचना अनुरुपका प्राविधिक जनशक्तिको पदपूर्ति र भएका जनशक्तिलाई उत्प्रेरित गरी टिकाइराखे र सेवा प्रवाहको लागि आवश्यक भवन समयमै निर्माण सम्पन्न गर्न र थप भवन निर्माणको कार्य अगाडी बढाइनेछ ।

१०. दुई वर्षदेखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले चालेका कदमसमेतको परिणाम स्वरुप यसको असर सामान्य हुँदै गएको छ । संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयासबाट यस्ता महामारीका विरुद्ध लड्न र त्यसबाट सिर्जित प्रतिकूल अवस्थाको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास राखेको छु । सङ्क्रमण, नियन्त्रण र व्यवस्थापनमा अहोरात्र खटिने स्वास्थकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सामाजिक तथा व्यवसायिक सङ्घ संस्था लगायत सम्पूर्ण नागरिकलाई धन्यवाद दिन चाहन्छु ।

सभाका सदस्यज्यूहरु,

११. पशुवस्तुमा हुन सक्ने जोखिम कम गर्न गाउँपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार लैना गाईभैसीहरुको बीमा गर्न आवश्यक बीमा प्रिमियम रकममा ५०% अनुदान दिइनेछ।

१२. कृषि तथा पशुपन्छी सम्बन्धी प्राविधिक सेवा नागरिकका घरदैलोमा पहुँच पुर्याउन दरवन्दी अनुरुपका कर्मचारी पदपुर्तिको लागि लोकसेवा आयोग लगाएत सम्वद्ध निकायमा पहल गरिने छ। साथै यसै बर्षदेखि थप करार सेवामा कृषि तथा पशु प्राविधिक पदपूर्ति गरिनेछ ।

१३. खेती योग्य जग्गा बाझो राख्न नपाउने गरी खाली जग्गाहरुमा सामूहिक कृषिको वा उपयुक्त नीति अवलम्बन गरी व्यक्तिगत र सार्वजनिक बाँझो जमिनमा खेति गरी उत्पादन बढाउने नीति लिइनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

१४. कृषि तथा पशुपन्छीको उत्पादन अभिबृद्धि गर्न तथा कृषकलाई उत्पादनमा अभिप्रेरित गर्न यस बर्ष माछा उत्पादन तथा विक्रीमा आधारित अनुदान उपलब्ध गराइनेछ।

१५. कृषि तथा पशुपन्छी अनुदानलाई थप व्यवस्थित गर्न तथा न्यून आय भएका कृषक तथा कृषक समूहलाई कृषि पेशाबाट लाभ प्राप्त गर्न सक्षम बनाउन बाख्रा र बंगुर पैंचो प्रणालीबाट वितरण गर्ने कार्यक्रमलाई पाइलट प्रोजेक्टको रुपमा ल्याइनेछ।

१६. माटोको कारण घट्दो कृषि उत्पादनमा सुधार ल्याउन माटो परीक्षण शिविर संचालन गरी सबै वडाहरुमा माटो सुधार कार्यक्रम संचालन गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गरिनेछ।

१७. गाई भैंसी प्रजनन हुँदा आवश्यक स्याहार पुर्याई उपयुक्त आहारा प्रदान गर्न कृषकलाई प्रोत्साहित गर्नको लागि कृत्रिम गर्भाधानमा सुत्केरी भत्ता वितरण गरिनेछ।

१८. दुध उत्पादनमा प्रोत्साहन गर्न संघीय सरकार र प्रदेश सरकारले दुध संकलन केन्द्र डेरीमा दुग्ध बिक्री गर्ने किसानलाइ अनुदान उपलब्ध गराउँदै आएकोमा मनहरीबाट बढी भन्दा बढी दुध उत्पादन गर्न गाउँपालिकाले थप प्रति लिटर रु. २ (दुई) उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१९. संघीय सरकारको सहयोगमा किसानलाई उत्पादनमा आवश्यक पर्ने आधुनिक कृषि औजार ५० % अनुदानमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२०. एक वडा, एक क्षेत्र ,एक बालीको नीतिलाइ प्राथमिकता दिइने छ। हरेक वडको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

२१. कृषकले आफ्ना उत्पादनको सही मूल्य प्राप्त गर्न नसक्दा बढ्दो निराशा अन्त्य गर्न मूल्य पाएको बखत मात्र आफ्नो उत्पादन बिक्री गर्न सक्षम बनाउन र बीउ बिजन भण्डारणको लागि यसै बर्ष गाउँपालिकाको लगानीमा गाउँपालिकाको वडा नं. ३ मा कोल्ड स्टोर निर्माण कार्य शुरुवात गरिनेछ ।

२२. विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ।

२३. महिला सहकारी र टोल विकास संस्था मार्फत् सीपमूलक, स्वरोजगारमूलक तालिम संचालन गर्नुको साथै अवलोकन भ्रमण प्राथमिकता दिई, स्वावलम्बी र आत्मनिर्भर नागरिक तयार गर्न जोड दिइनेछ। साथै महिला सहकारी बिशेष कार्यक्रम संचालनमा जोड दिइनेछ।

२४. गाउँपालिकाभरिका सबै नागरिक टोल विकास संस्थामा आवद्ध हुन सक्ने गरी टोल विकास संस्था गठन तथा पुनर्गठन गरिनेछ । टोल विकास संस्थाहरुको नेतृत्व विकास गरी सामाजिक व्यवहार सुधार तथा सामाजिक सुधारका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ।

रजन कालाखेती
अध्यक्ष

२५. टोल विकास संस्था मार्फत् विभिन्न खाले विकास तथा र सरसफाइ सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

२६. स्थानीय सीपलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु संचालन गरिनेछ।

२७. गाउँपालिकाभित्र घरेलु तथा साना उद्योग स्थापनालाई प्रोत्साहित गर्न, भएका उद्योगलाई सहजीकरण गर्न तथा उद्योग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयमा छुट्टै उद्योग शाखा व्यवस्था गरिनेछ।

२८. लघु उद्यम विकास कार्यक्रमबाट सञ्चालन हुने तालिम कार्यक्रममा थाकल तथा अन्य स्थानीय कच्चा पदार्थको प्रयोग हुने गरि ब्याग, झोला र दुनाटपरी तयारी लगायतका तालिमलाई प्राथमिकता दिइनेछ।

२९. बढ्दो नदीको सतहका कारण हुने जोखिम न्यूनिकरण तथा धेरै क्षेत्रमा प्रदुषण फैलन नदिनका लागि गाउँपालिकाको वडा नं. ८ र ९ का सुरक्षित राप्ती बगर क्षेत्रमा व्यवस्थित गरी नदीजन्य पदार्थ प्रशोधन उद्योगहरु एकीकृत रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

३०. परम्परा र इतिहास हाम्रो गौरव हो तसर्थ पराम्परागत पेशा वा सो सँग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गर्न प्राथमिकता दिइनेछ ।

३१. एकीकृत रुपमा औद्योगिक पूर्वाधार पुर्याउन, उद्योगीलाई उद्योग स्थापना गर्ने उपयुक्त स्थान प्रदान गर्न, उद्योग कलकारखानाका प्रदुषणबाट गाउँ वस्तीलाई जोगाउन संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाको पहल गरिनेछ ।

३२. महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न सिपमूलक तालिमका साथै बिउपूँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ। साथै सामूहिक रुपमा उद्योग गर्न प्रोत्साहन गर्न उद्यमी समूह दर्ता र परिचालन गरिनेछ।

३३. पर्यटकीय गुरुयोजना तयार भइसकेको क्षेत्रहरुमा क्रमशः पर्यटन प्रबर्दन गर्न प्राथमिकताका आधारमा संघ तथा प्रदेश सरकारसंगको सहकार्यमा संरचनाहरु बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

३४. पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेका वन्यजन्तु र प्राकृतिक मनोरम दृष्य अवलोकन गरी पर्यटकको संख्या बढाई पर्यटन व्यवसाय सञ्चालन गर्न वडा नं. ७ को गोदामचौरलाई विशेष क्षेत्र घोषणा गरी आवश्यक पूर्वाधार निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

३५. रमौली, प्रतापुर, सुनाचुरी, मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क, चेपाङ्ग कल्चर, वनकरिया होमस्टे, पिकनिक स्पोर्ट वडा नं. ०४ मा गोही संरक्षण, वडा नं. ०६ मा मोरङ्गे ताल, ऐतिहासिक मनकामना मन्दिर, वडा नं ०८ मा रानी पोखरी गढीडाँडा, शिखर पिकनिक स्पट वडा



रंजन कालाखेती
अध्यक्ष

नं. ०५, पर्यटकिय क्षेत्र पहिचान र विकासका साथै वडा नं. ०१ मा ट्री हाउस मोडल पार्क लगायत पर्यटकीय सम्भावना का क्षेत्रलाइ पर्यटन क्षेत्रको रुपमा विकास गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।

३६. विभिन्न जातजातीहरुको धर्म, संस्कृति, भाषा, लिपी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरी गाउँक्षेत्रको ऐतिहासिक मौलिक परिचयलाई संस्थागत गर्न आवश्यक सहयोग गरिनेछ।

३७. विभिन्न जंगली जीवजन्तु अवलोकन गर्न उपयुक्त हुने वडा नं ०५ मा रहेको शिखर पिकनिक स्थललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न संघीय सरकारको समेतको सहकार्यमा आवश्यक लगानी गरिनेछ।

सभाका सदस्यज्यूहरु,

३८. गाउँपालिकाको गौरवका आयोजनाको रुपमा अगाडी बढाईएको रजैया लामीटार मकरी सडक अन्तर्गत पर्ने ५ वटा पक्की पुलहरुको निर्माणको लागि यथेष्ट बजेट ब्यवस्था गरिनेछ। उक्त पुलहरु निर्माणको लागि आवश्यक बजेट विनियोजन भई पुल निर्माण कार्य भईरहेको हुँदा सो कार्यलाई निरन्तरता दिइ सम्झौता अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

३९. गाउँपालिका भित्रका महत्वपुर्ण सडकलाई संघ तथा प्रदेश सरकारसंगको सहलगानीमा कालोपत्रे तथा ढलान र भित्रि सडकमा ग्राभेल गर्ने र अन्य नयाँ सडकको सम्भाव्यता अध्ययन गरि डि.पि.आर. तयार गर्ने कार्यको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४०. गाँउपालिका क्षेत्रमा प्राथामिकतामा परी विगत देखी नै क्रमागत रुपमा सञ्चालन भइरहेका सडक आयोजनाहरुलाई बजेट विनीयोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४१. सडकलाई दिगो रुपमा सञ्चालन गर्न र बर्षा याममा नालाका कारण हुने क्षति कम गर्न सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सडकको दायाँ बायाँ वृक्षारोपण गर्दै लगिनेछ ।

४२. नेपाल सरकारसंगको सहकार्यमा गाउँपालिका भित्रका प्रत्येक वडाको बजार क्षेत्र तथा मुल बाटोमा वैकल्पिक उर्जा सोलार बत्ती जडान गरी उज्यालो सडक कार्यक्रम शुरुवात गरिनेछ।

४३. गाउँपालिकाको वडा नं. ९ रजैया र वडा नं. ५ को दर्दरा जोड्ने रासी खोला माथीको पक्की पुलको लागि गाउँपालिकाले डि.पि.आर.तयार गरिसकेको र सो पुल निर्माणमा प्रदेश सरकारसंग आवश्यक पहल तथा सहकार्य गरिनेछ।

४४. साझेदारी पुर्वाधार निर्माण कार्यक्रम अन्तर्गत नगद जनसहभागीतामा आधारित आयोजनाहरुमा सञ्चालनमा प्राथामिकता दिईनेछ । वस्ती स्तरका सडकहरुमा स्ल्याव ढलान र कालोपत्रे गर्ने



रन्जन कालाखेती
अध्यक्ष

कार्यको लागि कम्तीमा ४० प्रतिशत नगद जनसहभागीतामा जुटेमा प्राथमिकताका आधारमा सो कार्यक्रमबाट जुनसुकै बेला लगानीको सुनिश्चतता गरिनेछ ।

४५. रासी नदी किनारका वस्ती खेतबारीमा रहेको डुबानको जोखिम न्यूनिकरण गर्न पुर्वी रासी किनार तटबन्धन योजना क्रमागत रुपमा सञ्चालन गर्न केन्द्रीय सरकार र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।

४६. गाउँपालिकाभित्र प्रयोगमा रहेका सार्वजनिक यातायात तथा निजी सवारी साधनहरुको संख्या तथा प्रयोगको अवस्था एकीन गर्न, सुचिकृत गर्ने, सार्वजनिक सवारी विशेष गरी अटोको रुट तथा भाडा दर निर्धारण गर्ने व्यवस्था गरिनेछ र सोको अनुगमन तथा सहजिकरण गरी करको दायरामा ल्याउने व्यवस्था गरिनेछ।

४७. निर्माणको चरणमा रहेका विभिन्न बृहत खानेपानी योजनाहरुको लागि संघ तथा प्रदेश सरकारसंग पहल गरी रकम विनियोजन गर्ने व्यवस्था गरिनेछ । सम्पन्न भई संचालनको तयारीमा रहेका आयोजनाहरु तुरुन्त संचालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ । आवश्यकता र मागको आधारमा थप खानेपानी आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ ।

४८. मनहरी गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका बनाउनको लागि खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसँग समन्वय र सहकार्य गरी पूर्ण सरसफाईका पाँच प्लस एक सुचकहरुलाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

४९. स्वच्छ पिउने पानी मानव जीवनको आधार भएकोले गाउँपालिकामा एक घर एक धारा कार्यक्रम लागू गर्न जोड दिइनेछ ।

५०. फोहोरमैलाको आधुनिक र उपयुक्त प्रक्रियाबाट बिसर्जन गर्न ल्याण्डफिल साईडको अध्ययन कार्य संचालन गरिनेछ । सरसफाईको क्षेत्रमा सार्वजनिक तथा निजी क्षेत्र परिचालन गर्ने गरी सार्वजनिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ साथै आवश्यकता अनुसार टोल विकास संस्था सँग समन्वय गरिनेछ ।

५१. पानीमा रहने हानीकारक किटाणु तथा रसायनका कारण मानव जीवनमा पर्न सक्ने असर न्यूनिकरण गर्न प्रत्येक वडाको खानेपानी धारा तथा ट्युवेल धाराको पानी पीउनयोग्य छ छैन सो को रसायन तथा सुद्धता परीक्षणको ब्यवस्था गरिनेछ ।

५२. गाउँपालिकाको सार्वजनिक स्थलमा सार्वजनिक शौचालय, प्रतिक्षालय र सार्वजनिक खानेपानी धारा बनाउनको लागि पहल गरिनेछ ।

५३. कृषि पकेट क्षेत्रहरुको पहिचान गरी जनसहभागितामा आधारित तथा निर्माणाधिन सिंचाई कार्यक्रमलाई निरन्तर सञ्चालन गरिनेछ । साथै भौगोलीक बनावटको अवस्था अनुसार सिंचाईका थप कार्यक्रम तर्जुमा गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

५४. संघ, प्रदेश तथा स्थानीय तहको सहलगानीमा संचालन हुने बृहत सिंचाई आयोजनाका साथै पालिका स्तरबाट संचालन हुने साना सिंचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ ।

५५. सिंचाई उत्पादनको आधार भएको हुँदा सिंचाई सुविधा कम भएका कृषी उत्पादनका सम्भावना बढी भएका क्षेत्रहरुमा **डिप बोरिङ तथा लिफ्टिङ** सिंचाई आयोजनाहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।

५६. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा तथा आवश्यकता अनुसार स्थानीय सरकारकै स्रोतबाट समेत काठका पोलहरु प्रतिस्थापन गरिने कार्य निरन्तर गर्दै वडाहरुमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

५७. न्युन भोल्टेज सप्लाईको कारण भएको अबरोधहरुलाई हटाउन गत विगत देखी संघीय सरकार समक्ष पहल गरिएकोमा हालसम्म त्यसको ठोस कार्यक्रम शुरुवात नभएको हुँदा सो कार्यक्रम यथाशिघ्र संचालन गर्न आवश्यक समन्वय र पहल गरिनेछ ।

५८. **घर भित्रको वायु प्रदुषण मुक्त** गाउँपालिका घोषणा गर्ने अभियानको थालनी गर्न निम्न कार्यक्रमहरुलाई उचित प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिनेछ ।

- सुधारिएको चुलो जडान
- सौर्य उर्जा

५९. संघ तथा प्रदेश सरकारको समेत लगानीमा वडा नं. ७ रमौलिमा निर्माणाधिन क्षेत्रिय स्तरको मदन भण्डारी स्मृती रंगशाला निर्माण कार्यलाई संघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा अगाडि बढाईनेछ ।

६०. युवालाई स्वरोजगार बनाउन तथा युवा जनशक्तिको श्रम र सीपलाई स्थानीय तवरमै खपत गर्न युवा लक्षित स्वरोजगार सिपमुलक तालिम र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ तथा युवा नवप्रर्वतन साझेदारी कोष स्थापना गरी संचालन गरिनेछ।

६१. खेलकुद क्षेत्र गाउँवासीबीच एकताभाव जगाउने र सम्मान अभिबृद्धि गराउने क्षेत्रको रुपमा रहेको हुन्छ तसर्थ गाउँपालिका स्तरीय खेलकुद विकास कार्यक्रम मार्फत् तर्जुमा गरी कार्यान्वयन तथा खेल क्षेत्रको प्रबर्दनको लागि गाउँपालिका स्तरीय खेलकुद विकास समितिको संस्थागत विकासमा यथोचित ध्यान दिइनेछ ।

६२. प्रत्येक वडामा एक सार्वजनिक पार्क, एक व्यायम केन्द्र तथा एक योग साधन केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

६३. भूमी सम्बन्धी उच्च स्तरिय समिति संगको सहकार्यमा गत वर्षबाट भुमिहिन सुकुम्बासी, भुमिहिन दलित तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजांच कार्यको शुरुवात भएकोले यस कार्यलाई निरन्तरता दिई आवश्यक लगानी गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

६४. गाउँपालिकावासीको सुरक्षित आवासलाई मध्यनजर गर्दै भवन निर्माण सम्बन्धी मापदण्ड २०७५, प्रभावकारी कार्यान्वयन गरिनेछ साथै सम्पुर्ण गाउँपालिका क्षेत्रमा भवन निर्माण आचार संहिता कडाईका साथ लागु गरिनेछ ।

६५. मौलिक हकको रुपमा रहेको आवासको हकलाई कार्यान्वयन गर्न संघीय सरकारसंगको सहकार्यमा फुसको छानो बिस्तापित गर्दै आवश्यकता अनुसार जस्तापाता वितरण गर्ने कार्यलाई सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत निरन्तरता दिईनेछ ।

६६. सार्वजनिक जग्गा संरक्षणको प्रमुख दायित्व स्थानीय सरकारको भएको हुँदा गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ती तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु गाउँपालिकाको मातहतमा ल्याउने प्रक्रिया अघि बढाउन तथा सार्वजनिक, पर्ति र सरकारी जग्गाको संरक्षण गर्न उचित व्यवस्था मिलाईनेछ ।

६७. अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुनिष्ठ बनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन । अनुगमन तथा सुपरीवेक्षण पश्चात प्रतिवेदन दिने र सोका आधारमा पृष्ठपोषण लिने कार्यलाई थप व्यवस्थित बनाउँदै आउँदा दिनमा उपयुक्त योजना तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र अन्य निकायहरुबाट संचालित आयोजना तथा कार्यक्रमहरुको पनि अनुगमन, अनुगमन तथा सुपरिवेक्षण समितीबाट गरी आयोजना तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

६८. आयोजनाको दिगोपन र पारदर्शीताको लागि स्थानीय तहमा सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमलाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।साथै गाउँपालिकामा विगत केही समयदेखि नियमित हुन नसकेका प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाईलाई नियमित रुपमा सञ्चाल गरिनेछ ।

६९. गाउँपालिका स्तरका हरेक कार्यक्रम तथा विकास आयोजना सञ्चालन गर्दा वातावरणीय पक्षलाई ध्यान दिई वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

७०. सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण र वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । ईच्छुक सामुदायिक बन उपभोक्ता समिति र कबुलियती वनलाई बोटबिरुवाको नर्सरी स्थापना गर्न प्रेरीत गरिनेछ ।

७१. ऐलानी पर्ती सार्बजनिक जग्गाको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । हालसम्म पहिचान तथा नक्सांकन भएका सार्वजनिक तथा पर्ति जग्गाको संरक्षण गर्न अतिक्रमित जग्गा खालि गराउने तथा खालि जग्गाहरुमा घेरावार गर्ने कार्यलाई प्राथमिकताका दिइनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

७२. विपद व्यवस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभावकारी विपद व्यवस्थापनको लागि कार्ययोजना बनाई लागू गरिनेछ । सरोकारवालाहरुसंग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिईने छ ।जोखिम युक्त स्थानमा रहेका एवम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुनर्स्थापनाको लागि पहल गरिनेछ ।

७३. विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका बमोजिम बिपदबाट प्रभाबित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. यस मनहरी गाँउपालिकाका केही क्षेत्रहरु चट्याङका दृष्टीकोणले अति संवेदनशिल क्षेत्र देखिएको हुँदा यसबाट हुने जनधनको क्षेती न्यूनिकरण गर्न आवश्यक कार्यक्रम पहिचान गरि कार्यन्वयन गरिनेछ । सम्बन्धित निकायको आर्थिक तथा प्राविधिक सहयोगको साथै पालिकाले समेत आवश्यक वजेट व्यवस्थापन गरि उचित स्थानमा प्राथमिकताको आधारमा चट्याङबाट सुरक्षाका लागि अर्थिङ राखिनेछ ।

७५. स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकारलाई प्रयोग गरी मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिलाई सकृय बनाईनुका साथै वन, वातावरण र जैविक विविधतालाई संरक्षण तथा कृषकहरुलाई प्रोत्साहन गर्न जडिवुटी फलफुलको नर्सरी स्थापना गरी नर्सरी किसानहरुलाई प्रोत्साहित गरिनेछ ।

७६. विपद व्यवस्थापनमा प्रयोग हुने एम्बुलेन्स लगाएतका सवारी साधनहरु परिचालनको लागि उचित निर्देशिका बनाई पालिकाको विपद व्यवस्थापन शाखा मातहतमा रहनेगरी संचालनको प्रबन्ध मिलाईनेछ, साथै यस्ता सवारी साधनहरुको सम्पर्क नम्बर सार्वजनिक स्थानमा सबैले देख्ने गरी टाँस्ने व्यवस्था मिलाईनेछ ।

सभाका सदस्यज्यूहरु,

७७. पालिका स्तरीय शिक्षा समितिलाई सकृय बनाई शिक्षा सम्बद्ध नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दै गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गरिनेछ।

७८. सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने विपन्न विद्यार्थीहरुको लागी कक्षा १२ सम्म निशुल्कः शिक्षा प्राप्त गर्ने अवसर सिर्जना गरिनेछ । विद्यालयबाट विपन्न परिवारका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्नको लागी विपन्न वालबालिका गरिवसंग विश्वेश्वर सहायता कोष स्थापना तथा संचालन गरिनेछ ।

७९. सर्वसुलभ, गुणस्तरिय शिक्षा उपलब्ध गराउन तथा बढी भन्दा बढी नतिजामुखी बनाउन समग्र विद्यालयलाई प्रोत्साहन गर्न उत्कृष्ट विद्यालय पुरस्कारको ब्यवस्था गरिनेछ ।साथै शिक्षक पुरस्कार समेतको व्यवस्था गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

८०. बिद्यार्थीहरुमा स्थानीय भूगोल, इतिहास, भाषा, भेषभुषा तथा परम्परा स्थानीय विशेषता, सम्पदाको जानकारी गराउन सानै उमेर देखि स्थानीय पाठ्यक्रम सामग्री निर्माण गर्ने र सम्बद्ध शिक्षकलाई अभिमुखिकरणको व्यवस्था गरिनेछ ।

८१. शैक्षिक गुणस्तर अभिबृद्धी गर्न शिक्षक विद्यार्थी र अभिभावकको त्रिकोणात्मक सुसम्बन्ध जरुरी हुन्छ । विद्यालयबाट टाढा रहने अभिभावकहरुमा सचेतना कार्यक्रम लगाएतका क्रियाकलाप सञ्चालन गर्ने तथा विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

८२. अधिकांश गरिब समुदायका विद्यार्थी सामुदायीक विद्यालय अध्ययन गर्ने तथा उनीहरुको शुल्क तिर्न सक्ने हैसियत नहुनाको कारण बीचैमा विद्यालय छोड्नु पर्ने अवस्था अन्त्य गर्दै उनिहरुलाई निशुल्क शिक्षा प्रदान गर्न शिक्षक व्यवस्थापन अनुदानमा उल्लेख्य वृद्धि गरिनेछ ।साथै विद्यालयमा भएको डेक्स/बेन्च, बिद्युत, खानेपानी, शौचालय, बिद्युतिय सामग्री लगायत सामान्य भौतिक संरचना मर्मत संभारकोलागि ब्यावस्था मिलाईने र अङ्ग्रेजी माध्यममा पठनपाठन गराउने बिद्यालयलाई पाठ्यपुस्तक खरिदमा अनुदानको ब्यवस्था गरिनेछ।

८३. संघीय सरकार, प्रदेश सरकार तथा आफ्नै श्रोतबाट समेत विद्यार्थी दिवा खाजा कार्यक्रमलाई व्यबस्थित र प्रभावकारी बनाईने छ । विद्यालयमा शुद्ध खानेपानी आपुर्ति गर्ने कार्यलाई थप बिस्तार गरि विद्यार्थीले पिउने पानीको गुणस्तर जाँच गरिनेछ र आवश्यकता अनुसार शुद्ध पानीको ब्यवस्थापन गर्न आवश्यक बजेट ब्यवस्था गरिनेछ ।

८४. कृषि, भेटेनरी लगायत प्राविधिक शिक्षातर्फ थप सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ, साथै प्राविधिक शिक्षा तथा सुचना प्रविधिको प्रयोग गरि पठन-पाठन गराउने विद्यालयलाई थप प्रोत्साहन गरिनेछ । थप बाल बिकास केन्द्र आबस्यक पर्ने विद्यालय तथा समुदायमा केन्द्र स्थापना गरिने छ ।आबश्यकक नपर्ने विद्यालयको बालबिकास केन्द्र नजिकको विद्यालयमा गाभिने छ ।बाल बिकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई निजहरुले नियमानुसार पाउने पारिश्रमीकमा सरकारले घोषणा गरेको न्यूनतम ज्यालादर भन्दा कम नहुने गरि उपलब्ध गराउन आबस्यक बजेट व्यबस्था गरिनेछ । फुलबारी व्यबस्थापन गर्नको लागि विद्यालयलाई थप प्रोत्साहन गरिने छ ।

८५. विद्यार्थी कम भएका तथा नजिक रहेका दुई वा सो भन्दा बढी बिद्यालयलाई मर्ज गर्न प्रोत्साहन गरिनेछ साथै यस वर्ष मर्ज हुने बिद्यालयलाई प्रोत्साहन स्वरुप विद्यालय बस तथा सो को सञ्चालन गर्ने सुविधा उपलब्ध गराउन बजेटको व्यवस्था गरिनेछ ।

८६. संविधानद्धारा प्रदान गरिएको स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्न विपन्न परिवार पहिचान गरि विपन्न (मासिक रु १५ हजार भन्दा कम आय भएको) परिवारलाई स्वास्थ्य सेवामा समान पहुँचको लागि गरिवसंग बिशवेश्वर बीमा कार्यक्रम संचालन गर्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

८७. महिला स्वास्थ्य स्वयम्सेविका समुदायसम्म स्वास्थ्य सेवा तथा स्वास्थ्य चेतना फैलाउने स्वास्थ्य दूतको रुपमा रहेको हुँदा महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोबल बढाउन सेवामा रहेकाहरुलाई सेवा सुविधामा निरन्तरता तथा अवकाश पश्चात दिईने सुबिधामा सामयिक बढोत्तरी गरिनेछ ।

८८. शत प्रतिशत आमाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी (Zero home Delivery) हुन प्रोत्साहन स्वरुप रु.२००० बराबरको पोषण प्याकेज उपलब्ध गराईनेछ । गर्भवती महिलाहरुले गर्नुपर्ने जाँच गराउन स्वास्थ्य संस्थामा आउदा पोषण कार्यक्रम तथा क्याल्सियमबाट प्रोत्साहित गरिनेछ ।

८९. १५ सैयाको मनहरी अस्पताल निर्माणको काम सम्पन्न नहुँदा सम्म अस्थायी अस्पतालबाट सेवा प्रवाहलाई निरन्तरता दिईनेछ । प्रदेश सरकारको सहयोगमा मनहरी ९ मा स्थापित नागरीक आरोग्य केन्द्रलाई आवश्यक पर्ने औषधी खरिदको व्यवस्था गरिनेछ ।

९०. पालिकाभरमा मोतियाबिन्दु भएका बिरामी फेला परेमा उपचारमा जाँदा/आउदाको लागी रु.२००० प्रोत्साहन सुबिधा दिईनेछ ।मनहरी ७ मा स्थापित आँखा अस्पतालाई थप सुदृढ बनाई बिषेशज्ञ सेवाको पहुँच अभिबृद्धि गरिनेछ ।

९१. रेडक्रससंगको सहकार्यमा ब्लड बैंक संचालनमा सहयोग र रगत आबस्यक पर्ने नागरीकहरुलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।साथै आवश्यकता अनुसार बिभिन्न रोगका (सर्ने/नसर्ने) निदान तथा परामर्श स्वास्थ्य शिविर संचालन गरिनेछ ।

९२. सूचना प्रविधिको माध्यमबाट स्वास्थ्य सेवा पाउने नागरीक र सेवाका सूचनाहरु अद्यावधिक गरिनेछ ।साथै मनहरी अस्पतालमा ओ.पि.डि. सेवा बिस्तार गरि थप सुबिधा दिईनेछ। हाँडिखोला स्वास्थ्य चौकीमा रहेको भिडियो एक्सरे मेशिन सञ्चालनको लागि आवश्यक पहल गरिनेछ । मनहरी अस्पतालमा नागरिकलाई अस्पताल सेवाको प्रत्याभूति हुने गरि गाउँपालिकाको आफ्नै श्रोतमा डाक्टर लगायत थप जनशक्ती व्यवस्थापन समेत गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

९३. महिला जनप्रतिनिधिलाई नेतृत्व विकास तथा क्षमता विकास सम्बन्धी तालिमको माध्यमबाट शसक्तिकरण गरिनेछ र घरेलु हिंसा पीडित महिलाहरुलाई न्यायमा पहुँच दिलाई आवश्यकता बमोजिम सेफ हाउसमा आश्रय दिई सकेसम्म मेलमिलापको माध्यमबाट परिवारमा पुर्नःस्थापना गरिनेछ।यस्ता महिलाहरुको लागी मागमा आधारित विभिन्न खाले सीपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन सहयोग गरिनेछ ।

९४. महिलाहरुलाई उद्यमशीलता तालिम प्रदान गरि व्यवसायी बन्न प्रेरित गरिनेछ । बेचबिखनमा परेका, बहुबिबाहका कारण हेलत्वमा परेका, बिभिन्न खाले हिंसाको सिकार भई संरक्षणको आवश्यकता परेका महिलाहरुको लागी जिविकोपार्जन तथा आय आर्जन हुने क्रियाकलापमा संलग्न हुन आवश्यक व्यवस्था मिलाइनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

९५. सुरक्षित आप्रबासन कार्यक्रम अन्तरगत वित्तिय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षामा सहभागी महिलालाई लक्षित गरि स्वरोजगारमूलक कार्यक्रम ल्याईनेछ साथै योजना कार्यक्रमहरुमा महिलाको कार्यबोझ घट्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

९६. हिन्दु महिलाहरुको महान पर्व हरितालिका तिजलाई महिला अधिकारको सचेतना जगाउने अवसरको रुपमा उपयोग गर्न कार्यक्रम संचालन गरिनेछ साथै महिलाहरुको जीविकोपार्जनको लागी प्रविधि र पुँजि हस्तान्तरण गरिनेछ लगाएत महिलाका सवालका कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यकता अनुसार पालिका स्तरीय महिला समन्वय समितिको समन्वयमा गरिनेछ ।

९७. नेपालकै पहिलो बालमैत्री घोषणा भएको गाउँपालिका भएको प्रतिष्ठालाई जोगाइ राख्न बालबालिकाहरुलाई घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ । बालबालिकाका सबाल कार्यान्वयन गर्न पालिका स्तरीय बाल सञ्जाल तथा वडा वडामा रहेका बाल क्लब र बालसञ्जालहरुलाई प्रोत्साहित गरि बालमैत्री स्थानीय शासन घोषणालाई जिवन्त बनाई दिगो बनाउन आबश्यकता अनुसार बालमैत्री सहजकर्ताहरुको व्यबस्थापन र परिचालन गरिनेछ ।

९८. गाउँपालिकाबाट जारी भएका बाल संरक्षण(अनुगमन, उद्धार, आपतकालीन सहयोग तथा पुनरस्थापना)कार्यविधी, २०७८, बाल श्रम निबारण सम्बन्धि कार्ययोजना, २०७८, बालकोष संचालन कार्यविधी लगायत बालबालिका सम्बन्धि कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९९. गाउँ बाल संरक्षण समिति, वडा बाल संरक्षण समिति लगायत सान्दर्भिक अन्य समितिहरु तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरुलाई सकृयता बढाउने वाताबरण सिर्जना गरिनेछ । बालबालिका सम्बन्धी ऐन बमोजिम बाल कल्याण अधिकारीको व्यबस्थापन गरिनेछ ।

१००. बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई बालबालिका बिरुद्धको हिंसा, बाल दुर्व्यबहार, बिद्युतिय माध्य्यमबाट हुने यौन शोषण, बाल मनोविज्ञान र मनोबिमर्श जस्ता बिषयमा सचेतनामूलक तालिम सञ्चालन गरिनेछ । यस बर्ष एक वडामा बालमैत्री उद्यान बनाउन सुरु गर्ने व्यवस्था गरिनेछ ।

१०१. पालिका क्षेत्रमा कार्यान्वयन गरिने भौतिक सामाजिक क्रियाकलापमा बालबालिकाको सर्बोत्तम हीतलाई प्राथमिकता दिइ संस्थागत रुपले बालबालिकाबाट उठाइएका सवाललाई कार्यान्वयन गर्न ध्यान दिइनेछ ।

१०२. पालिका भित्रका अपाङगता भएका ब्याक्तिलाई संघीय, प्रदेश सरकार, स्थानीय सरकार तथा गैर सरकारी संस्थाबाट प्रदान गरिने सेवा सुविधा प्राप्तीको लागि अपाङ्गता परिचय पत्र जारी गर्ने कार्यलाई सरल, सहज र निरन्तर रुपमा संचालन गरिनेछ ।

१०३. पालिका स्तरीय अपाङ्गता समन्वय समिति मार्फत् सहायता सामग्री आवश्यक पर्ने व्यक्तिलाई सहायता सामग्री उपलब्ध गराइनेछ ।गाउँपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरुलाई अपाङ्ग मैत्री बनाउन प्राथमिकता दिइनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

१०४. पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनका विविध पक्षमा सहयोग पुर्याउन अपाङ्ग सहयोगी परिचालक व्यवस्था गरिनेछ ।अपाङ्गता भएको व्यक्तिको लागि सहयोग गर्न नियुक्त व्यक्तिगत सहयोगी सम्बन्धी कार्यविधिको कार्यान्वयनबाट निजहरुलाई उपलब्ध गराउनु पर्ने सेवालाई थप बिस्तार तथा व्यबस्थित गरिदै लगिनेछ ।

१०५. अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउन सीपमुलक तालिम, सचेतना गोष्ठी, क्षमता बिकास लगायत निजहरुको आबाज सुन्न जनप्रतिनिधी संग अन्तरकृया जस्ता कार्यक्रम संचालन गरिने छ । निजहरुको आत्म सम्मान उचो राख्न आयमुलक कार्यक्रममा जोड दिईनुका साथै अवलोकन भ्रमणको लागि बजेटको ब्यवस्था गरिनेछ ।

१०६. जेष्ठ नागरीकहरुको आत्म सम्मानलाई उच्च बनाउन उचित सम्मानका कार्यक्रम सञ्चालन गर्दै जेष्ठ नागरीक परिचय पत्र बनाउने प्रक्रिया सरल र सहज बनाइनेछ । वडा तथा पालिकाबाट प्रदान गरिने सेवा लिन आउने सेवाग्राही मध्ये जेष्ठ नागरीकलाई पहिलो प्राथमिकता दिइ सेवा प्रदान गरिने छ । जेष्ठ नागरीकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण, नियमित खाने औषधीको निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ ।

१०७. सन्तान बिहिन तथा संरक्षक बिहिन आमा बुवाहरुलाई आवश्यकता अनुसार आश्रय घरमा सुरक्षित रुपमा राख्ने व्यबस्था मिलाइने छ ।जेष्ठ नागरीकलाइ हुने बिभिन्न दुर्व्यबहार बिरुद्धका कार्यक्रमहरु संचालन गरिनेछ ।

१०८. दलित समुदायसंग रहेको परम्परागत सीपलाई व्यबसायीकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न दलित समन्वय समितिसंगको सहकार्यमा योजना बनाई कार्यान्वयन गरिनेछ तथा आर्थिक रुपले बिपन्न दलित समुदायका बालबालिकालाई छात्रबृत्ति तथा शैक्षिक सामग्रीको सहयोगबाट पठन-पाठनमा प्रोत्साहित गरी कक्षा छाड्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ ।

१०९. समाजमा अझै सम्म बिद्यमान रहेको छुवाछुत जस्तो कुरीति र अन्धबिश्वासलाई हटाउन धर्म गुरु सहितको संलग्नतामा सहभोज जस्ता कार्यक्रम आयोजना गरिने छ र दलित समन्वय समितिको सकृयतामा सो समुदायको समुत्थानको लागि सुझाव संकलन गरी योजनाबद्ध कार्यान्वयन गर्न जनप्रतिनिधिसंग अन्तरक्रिया संचालन गरिनेछ ।

११०. आदिबासी जनजातीहरुलाई सम्मान पुग्ने कार्यक्रम व्यबस्थित रुपले संचालन गर्न पालिका स्तरीय आदिबासी जनजाती समन्वय समितिकालाई सकृय बनाईनेछ । आवश्यकता पहिचान गरी आवश्यक जनजाति उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. यस पालिका क्षेत्रमा बसोबास गर्ने चेपाङ्ग, बोटे, बनकरीया जस्ता अल्पसंख्यक समुदायलाई मूलप्रबाहीकरण गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ साथै बनकरीया बस्तिमा रहेको होम स्टेलाई थप ब्यवस्थित बनाई सञ्चालनको लागि प्रचार प्रसारमा आवश्यक सहयोग गरिनेछ ।

११२. बोटे समुदायको नमुना बस्तीलाई पर्यटकीय रुपमा विकास गर्ने र कृषि तथा माछा पालन कार्यमा सहयोग गरि आय आर्जन बढाउने कृयाकलापमा सहयोग गरिनेछ र चेपाङ्ग समुदायलाई सहयोग

पुग्ने उपयुक्त कार्यक्रम तयार गर्न सुझावहरु संकलनको लागि सो समुदायका अगुवा नागरीकहरु सहभागी बनाई जनप्रतिनिधिहरुसंग अन्तरकृया कार्यक्रम संचालन गरिनेछ ।

११३. मुस्लिम समुदायका बालबालिकाको शिक्षामा सहयोग, परिवारलाई स्वास्थ्य बिमा, मदरसा संचालन, पहिचान कायम राख्ने तथा अन्य आवश्यक बिषयमा समुदायका अगुवाहरुको सुझाव बमोजिम सीपमुलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ

११४. समाजमा रहेको सांस्कृतिक विविधतालाई जिवन्त राख्दै धार्मिक सदभाव बढाउन समाजमा एक आपसको धर्म र संस्कृतिलाई सम्मान गर्ने भावना जागृत गर्न सचेतना कायम गरिनेछ साथै हिन्दु, बौद्ध, क्रिश्चियन र मुस्लिम धर्मका धर्मगुरुहरु सहभागी गराई समाजमा विद्यमान धार्मिक सहिष्णुता दीगो बनाउने कृयाकलाप संचालन गरिनेछ ।

११५. धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोहसार, बुद्ध पूर्णिमा, क्रिस्मस, इद इदुल फित्र, न्वागी जस्ता आ-आफ्नो सांस्कृतिक चाड पर्व र धार्मिक दिवसहरुमा शुभकाना आदान प्रदान तथा पर्व प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ तथा मठ मन्दिर, गुम्बा, चर्च गिर्जाघर, मस्जिद मदरसा, मरणघाट, विश्राम पाटी, धार्मिक स्मारक, जातिगत गुठी, संग्रहालय जस्ता संरचनालाई भौतिक निर्माण तथा मर्मत कार्यमा यथासक्य सहयोग गरिनेछ ।

११६. किशोर किशोरीको लागि संचालित परिबर्तनका सम्वाहक (COC) अभियानलाई निरन्तरता दिइ थप विद्यालयमा बिस्तार गरिनेछ ।

११७. खेलकुद क्षेत्रको बिकासको लागि संचालित अध्यक्ष कप फुटबल प्रतियोगीतालाई निरन्तरता दिइनेछ तथा थप ब्यवस्थित्त तथा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

११८. नमुना युवा सांसदको अभ्यास लगायत युवा मैत्री गाउँपालिका बनाउने तर्फका कृयाकलापहरु संचालन गर्ने, युवा जागरणका लागि युवा दिवस मनाउने लगायतका कृयाकलाप गर्दै पालिकाका लागू पदार्थ दुर्व्यसनमा फसेका युवा तथा त्यस्तो दुर्व्यसनमा जाने सम्भावना भएका नागरीकलाई लक्षित गरी गै.स.स.मार्फत् लागू पदार्थ दुर्व्यसन नियन्त्रण जस्ता सचेतना तथा पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ ।

११९. मानव बेचबिखन बिरुद्धको पालिका स्तरीय समितिलाई कृयाशिल बनाई सरोकारवालाहरुलाई सहभागी बनाई मानव बेचबिखन बिरुद्ध गोष्ठी संचालन गर्ने, बेच बिखनमा परेकालाई उद्धार, उपचार, मनोसामाजिक परामर्श लगायत अस्थायी आश्रय तथा पुर्नःस्थापना लगायत सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

१२०. बागमती प्रदेश सुशासन केन्द्रको समन्वयमा तयार गरिने लैंगिक समानता तथा सामाजिक सामाजिकीकरण (GESI/लै.स.सा.स.)को पाँच बर्षिय रणनितिक योजना स्वीकृत गरी उक्त रणनितिक योजनामा उल्लेखित विधि तथा प्रावधानको आधारमा लैंगिक मैत्री गाँउपालिका बनाउने कृयाकलाप सञ्चालन गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

१२१. पालिकामा रहेका द्वन्द पिडित नागरीकलाई राज्यबाट नियमानुसार उपलब्ध सेवा सुबिधाको पहुंचमा सहयोग र समन्वय गरिनेछ गर्दै शहीद परिवारको सम्मानको लागि बजेट व्यवस्था गरिनेछ ।

१२२. पालिकालाई कार्यक्षेत्र बनाई स्वाथ्य, शिक्षा, सीप निर्माण, प्रबिधि/पूंजी हस्तान्तरण, जिविको पार्जन, खाद्य सम्प्रभुता, मानवअधिकार, मानब बेचबिखन, महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरीक, सिमान्तकृत, आदिबासी जनजाती, लोपोन्मुख/अल्पसंख्यक, दलित आदि समुदायलाई प्रत्यक्ष सहयोग गर्ने, कृषि/पशुपालन आदिमा सहयोग गर्ने लगायत आफ्ना सामाजिक क्रियाकलाप, सचेतनामूलक तथा प्रत्यक्ष जनजीविकाका सवालमा आफ्नै श्रोतबाट कार्यन्वयन गर्ने स्थानीय सामुदायीक तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसंग कार्यक्रममा दोहोरोपना नहुनेगरी समन्वय र सहकार्य गरिनेछ ।गैर सरकारी संस्थाका कृयाकलापलाई कार्यक्रम कार्यान्वयन पूर्व स्वीकृति लिने र सम्पन्न पश्चात प्रतिबेदन बुझाउनु पर्ने गरी पारदर्शिता कायम राख्न प्रेरित गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

१२३. जनताको घरदैलोमा सेवा पुर्याउन अहोरात्र खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै कर्मचारीहरुको मनोबल उच्च राख्न नेपाल सरकार सरह तलबमान वृद्धि गर्दै मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहनलाई निरन्तरताका साथै अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ । कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१२४. सामाजिक आर्थिक रुपान्तरणका लागि नागरिकलाई सर्वसुलभ र गुणस्तरिय तथा जवाफदेही सार्वजनिक सेवा प्रदान गर्न पालिकाभित्र आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति गठन गरि परिचालन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित बनाई सुशासन कायम गरिनेछ ।

१२५. गाउँपालिकाको निर्णय कार्यान्वयन गर्न बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विश्लेषण गरि यसै आर्थिक वर्ष नगर प्रहरीको संगठन संरचना अनुसारको दरवन्दी अनुसार करार सेवामा पदपूर्तिको व्यस्था गरिनेछ ।

१२६. अनलाईन कर प्रणालिलाई प्रोत्साहन गरिनेछ तथा चाहिँदा पाउने र पाउँदा चाहिने गरि अभिलेख व्यवस्थापनलाई प्राथमिकतामा राखि अभिलेख शाखा ब्यवस्थापन गरिनेछ तथा गाउँपालिकाका नीति कार्यक्रम लगायत महत्वपुर्ण सुचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शि बनाईनेछ साथै मुख्य बजार क्षेत्रमा बिद्युतिय सूचनापाटी स्थापना गरिनेछ।

१२७. जिल्ला तथा गाउँपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम., पत्रिका, अनलाईन खबर लगायत माध्यमबाट गाउँपालिकाका गतिविधि सार्वजनिक गरि पारदर्शी गर्राईनेछ र गाउँपालिका सञ्चालनको आधारको रुपमा रहेको राजश्व, योजनालाई व्यवस्थित गर्ने प्रयोग भएको



रन्जना कालाखेती
अध्यक्ष

सप्टवेयरहरुलाई परिमार्जित गर्दै कार्य सम्पादन छिटो, छरितो र प्रभावकारी गराइनेछ । उक्त सफ्टवेयर सबै वडाहरुमा पनि संचालन गरिनेछ ।

१२८. गाउँपालिकाको राजश्व परामर्श समिति परिचालन गरि आगामी आर्थिक वर्षको लागि करको दर परिमार्जन गरी करका दायराहरु फराकिलो पार्न नयाँ स्रोतहरुको पहिचान गरिनेछ साथै ढुङ्गा, गिट्टी, वालुवाको बिक्री शुल्क संकलनलाई अनलाइन तथा अफ लाइन सप्टवेयर मार्फत रसिद काट्ने व्यवस्था गरिनेछ र राजश्व नाकामा सिसि क्यामरा मार्फत् चुहावट हुन नदिने व्यवस्था गरिनेछ ।

१२९. गाउँपालिकाको हालसम्मको महालेखा परीक्षकबाट औल्याईएका बेरुजूलाई लेखा समिति मार्फत् गाउँसभामा पेश गरी नियमित गर्ने परिपाटी विकास गरिनेछ तथा बेरुजूलाई शून्य बनाउनको लागि म.ले.प. प्रतिवेदन र आ.ले.प. प्रतिवेनमा उल्लेख गरेको सल्लाह सुझाव कार्यन्वयन गरिनेछ ।

१३०. जिन्सी व्यवस्थापनमा संघीय सरकारको सप्टवेयर PAMS लाई अनिवार्य प्रयोग गरिनेछ तथा जिन्सी सामानको हिनामिना हुन नदिन सम्पूर्ण जिन्सी सामानमा पहिचान संकेत नम्बर राखिने ब्यवस्था गरिनेछ ।

१३१. सामाजिक समानता र स्थानीय स्तरमा न्यायिक पहुँचका लागि स्थानीय न्यायिक समिति समक्ष परेका उजुरीलाई समयमै न्यायिक मनको प्रयोग गरी छिनोफानो गरिनेछ । मेलमिलापको माध्यमबाट विवादको निरुपणलाई प्राथमिकता दिईनेछ ।

अन्त्यमा नीति निर्माणमा प्रत्यक्ष र परोक्ष रुपमा सहभागी हुनुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल लगायतमा हार्दिक आभार ब्यक्त गर्दै यसको कार्यान्वयनमा समेत सक्रियतापूर्वक सहभागी भइदिनहुनेमा पूर्णत विश्वस्त रहेको छु ।

रञ्जन कालाखेती
अध्यक्ष

रञ्जन कालाखेती
गाउँपालिका अध्यक्ष

आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम